श्री

उच्च अदालत तुलसीपुर, बुटवल इजलास

संयुक्त इजलास

**माननीय न्यायाधीश श्री अग्निप्रसाद थपलिया**

**माननीय न्यायाधीश श्री राजुराम सिलवाल**

आदेश

२०७६ सालको रिट नं. ०७६-WO -००९१

**ईजलाश नं.२ को/नि.नं. ४७**

मुद्दाः- उत्प्रेषण,निषेधाज्ञा, परमादेश समेत

जिल्ला कपिलबस्तु साबिक गा.बि.स.पडरीया हाल महराजगंज नगरपालिका वार्ड नं.२मौजे बरगदा बस्ने ईस्माईल मुसलमानको छोरा अहमद अली.............................................१ निवेदक

ऐ.ऐ.बस्ने छबिलालको श्रीमती तिर्था पासीन .......................................................१

ऐ.ऐ.बस्ने सावर अहिरको छोरा पुजारी प्रसाद यादव..............................................१

ऐ.ऐ.बस्ने सावर अहिरको श्रीमती रामपति अहिर मर्दा हक खाने छोरा निरमली कहार........१

ऐ.ऐ.बस्ने ब्यासमतिको छोरा भोले अहिर ...........................................................१

ऐ.ऐ.बस्ने बाबुल्लाको छोरा बर्ष ५४ को जाकिर हुसेन...............................................१

ऐ.ऐ.बस्ने नन्दा अहिरको छोरा बर्ष ७५ को शिव प्रसाद अहिर....................................१

ऐ.ऐ.बस्ने शिव प्रसादको छोरा बर्ष  को चन्द्रभार्थी अहिर............................................१

ऐ.ऐ.बस्ने निबर लोहारको छोरा बर्ष ३१ को मिठ्ठु लोहार...........................................१

ऐ.ऐ.बस्ने सकुर जोलहाको छोरी अनवर अन्सारीको छोरी बर्ष ७० की अकालबुन निसा जोलहा.....................................................................................................१

ऐ.ऐ.बस्ने माघे लोहारको छोरा बर्ष ८२ को जोखन लोहार..........................................१

ऐ.ऐ.बस्ने निबर लोहारको छोरा बर्ष ४० को सजियावन लोहार....................................१

ऐ.ऐ.बस्ने प्रताप अहिरको छोरा बर्ष ३६ को छैबर अहिर............................................१

ऐ.ऐ.बस्ने साबर अहिरको छोरा बर्ष ५२ को सुमिरन अहिर.........................................१

ऐ.ऐ.बस्ने लाल बिहारीको छोरा बर्ष ५५ को गौरी कलवार..........................................१

ऐ.ऐ.बस्ने नाजिर पठानको छोरा बर्ष ४१ को फजिल मोहम्मद पठान............................१

ऐ.ऐ.बस्ने बकरीदी मुसलमानको छोरा अलि हुसेनको श्रीमती बर्ष ५० की नाजिमा खातुन मुसलमान.................................................................................................१

ऐ.ऐ.बस्ने जाकिर मुसलमानको छोरा बर्ष २३ को अब्दुल समद मुसलमान.....................१

ऐ.ऐ.बस्ने मंसु मुसलमानको छोरा बर्ष   को मेहनी हुसेन मुसलमान...............................१
ऐ.ऐ.बस्ने कोदईको छोरा बर्ष ७४ को सफी मोहम्मद मुसलमान..................................१
ऐ.ऐ.बस्ने रोजन मुसलमानको छोरा बर्ष ७१ को छेदी मुसलमान..................................१
ऐ.ऐ.बस्ने राज बहादुर को छोरा बर्ष ७४ को रउफ बेग पठान...................................१
ऐ.ऐ.बस्ने राज बहादुरको छोरा बर्ष ६५ को असगर बेग पठान...................................१
ऐ.ऐ.बस्ने रहमतुल्लाको छोरा बर्ष ५२ को अनवर अली जोलहा...................................१
ऐ.ऐ.बस्ने साहेबजादको छोरा बर्ष ३६ को अब्दुल कलाम बेग....................................१
ऐ.ऐ.बस्ने ईलाकत बेग पठानको छोरा बर्ष ४० की महरुन निसा पठान........................१
ऐ.ऐ.बस्ने मोहम्मद जमाल मुसलमानको श्रीमती बर्ष ५६ की ताहिरा खातुन मुसलमान.......................................................................................१
ऐ.ऐ.बस्ने गफुरको छोरा बर्ष ५६ को अहमद हुसेन तेली.........................................१
ऐ.ऐ.बस्ने जीते पठानको छोरा बर्ष ५१ को नूर महमद पठान....................................१
ऐ.ऐ.बस्ने रमेश कलवारको छोरा बर्ष ७० को सम्मल कलवार...................................१
ऐ.ऐ.बस्ने जकी मुसलमानको छोरा बर्ष ५८ को मोहम्मद अकबाल दर्जी........................१
ऐ.ऐ.असगर पठानको श्रीमती बर्ष ५२ की मोमिना पठानीन.......................................१
ऐ.ऐ.बस्ने मंसुको छोरा बर्ष ३५ को साबिर हुसेन मुसलमान.....................................१
ऐ.ऐ.बस्ने मुसाहिद मियाको श्रीमती बर्ष ५५ को सबरुन निसा मिया.............................१
ऐ.ऐ.बस्ने सौकत अली अंसारीको श्रीमती बर्ष ६५ की आबिदा खातुन...........................१
ऐ.ऐ.बस्ने सिद्दीक मुसलमानको छोरी बर्ष ३५ की तहरुननिसा मुसलमान......................१
ऐ.ऐ.युनुस जोलहाको श्रीमती बर्ष ५७ को हजरुन निसा............................................१
ऐ.ऐ.बस्ने अमिन खां पठानको श्रीमती बर्ष ४२ की सबरे जहा पठान............................१
ऐ.ऐ.बस्ने मोकादम जोलहा ..........................................................................१
ऐ.ऐ.बस्ने छेदी जोलहाको श्रीमती बर्ष ५० को लालमुन ..........................................१
ऐ.ऐ.बस्ने फिरोज खानको छोरा बर्ष ३८ को सैल खान............................................१
ऐ.ऐ.बस्ने मोहम्मद असफाकको श्रीमती बर्ष ३५ की समीरुन निसा.............................१
ऐ.ऐ.बस्ने असगर अलीको श्रीमती बर्ष ३९ की अलिमुन निसा...................................१
ऐ.ऐ.बस्ने रहिस मियाको श्रीमती बर्ष ४७ की जुबेदा खातुन.......................................१
ऐ.ऐ.बस्ने महमद बेग पठानको छोरा बर्ष ३९ को मोबारक बेग पठान..........................१
ऐ.ऐ.बस्ने जीते पठानको छोरा बर्ष ५२ को बरकत अली पठान...................................१

ऐ.ऐ.बस्ने बिसे पठानको छोरा बर्ष ६५ को मेहनी हसन पठान...................................१
ऐ.ऐ.बस्ने राज बहादुरको छोरा बर्ष ६२ को असगर अली पठान.................................१
ऐ.ऐ. बस्ने ईद्रीस तेलीको छोरा बर्ष ५४ को अब्बास तेली....................................१
जिल्ला कपिलबस्तु नगरपालिका महराजगंज वार्ड नं.२ मौजा गैडहवा बस्ने दुलारे लोनियाको छोरा बर्ष ४८ को ओट बहादुर लोनिया................................................................१
ऐ.ऐ.बस्ने खेदुको छोरा बर्ष ६८ को चन्द्र राम कुर्मि...............................................१
ऐ.ऐ.बस्ने राम उदितको छोरा बर्ष ६० को नन्द लाल कुर्मि.......................................१
ऐ.ऐ.बस्ने रमेश कलवारको छोराको छोरा बर्ष ७० को सम्मल कलवार .......................१
ऐ.ऐ.बस्ने रामनारायण यादवको छोरा बर्ष ५५ को पिताम्बर यादव..............................१
ऐ.ऐ.बस्ने दीप कुमारको श्रीमती बर्ष ३७ की बिन्द्रावती कहार.................................१
ऐ.ऐ.बस्ने चन्द्र राम चौबेको छोरा बर्ष ४८ को बिजयनाथ चौबे..................................१
ऐ.ऐ.बस्ने श्रीकृष्णको श्रीमती बर्ष ५५ की प्रेमा देबी बनिया........................................१
ऐ.ऐ.बस्ने राम अक्षे कलवारको श्रीमती बर्ष ६८ की झिन्का कलवार...........................१
ऐ.ऐ.बस्ने बलई कलवारको छोरा बर्ष ६६ को गया प्रसाद कलवार.............................१
ऐ.ऐ. बस्ने उदय राज कहारको छोरा बर्ष ५५ को राम चन्द्र कहार..........................१
ऐ.ऐ.बस्ने उदित कहारको छोरा बर्ष ६२ को मयाराम कहार.......................................१
ऐ.ऐ.बस्ने उदित कहारको छोरा बर्ष ५९ को राम सरन कहार....................................१
ऐ.ऐ.बस्ने अधिर कुमार मण्डलको छोरा बर्ष ५४ को अजीत कुमार बिश्वास...................१
ऐ.ऐ.बस्ने पारस कलवारको छोरा बर्ष ५६को लाल बहादुर कलवार............................१
ऐ.ऐ.बस्ने राम लोचनको छोरा बर्ष ६४ को जीत बहादुर कुर्मी ....................................१
ऐ.ऐ.बस्ने कुईस बनियाको छोरा बर्ष ६१को श्रीकृष्ण बनिया........................................१
ऐ.ऐ.बस्ने हरिद्धारको छोरा अ.बर्ष ६२को नन्द किशोर कुर्मि........................................१
ऐ.ऐ.बस्ने नन्द लालको श्रीमती बर्ष ६०की ईनरावती कुर्मि.........................................१

## विरुद्ध

जिल्ला कपिलवस्तु बुद्धभूमि नगरपालिका अन्तर्गत गोरुसिंगे अवस्थित हुलाकी राजमार्ग योजना कार्यालय, कपिलवस्तु..................................................................................१ बिपक्षी
जिल्ला कपिलवस्तु बुद्धभूमि नगरपालिका अन्तर्गत गोरुसिंगे अवस्थित हुलाकी राजमार्ग योजना कार्यालय, कपिलवस्तुका योजना प्रमुख...........................................................१
जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं.१ अवस्थित जिल्ला प्रशासन कार्यालय तौलिहवा....................................................................................................१

कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं.१ अवस्थित मालपोत कार्यालय कपिलवस्तु, तौलिहवा............................................................................................१

जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं.१ अवस्थित नापी कार्यालय तौलिहवा कपिलवस्तु........................................................................................१

जिल्ला कपिलवस्तु महराजगंज नगरपालिका वडा नं.१ अवस्थित महराजगंज नगरपालिकाको कार्यालय कपिलवस्तु...............................................................................१

जिल्ला कपिलवस्तु महराजगंज नगरपालिका वडा नं.२ अवस्थित महराजगंज नगरपालिका २ नंवर वडा कार्यालय गैडहवा ......................................................................१

जिल्ला कपिलवस्तु महराजगंज नगरपालिका वडा नं.४ वरइपुर हाल कार्यालय भएको बाबुको नाम थाहा नभएको ठेकेदार अं.वर्ष ३५ को नविन शर्मा..........................................१

नेपालको संविधान धारा १४४ (१)(२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत निवेदनमा भएको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

<u>तथ्य खण्डः-</u>

१.कपिलवस्तु जिल्ला अन्तर्गत तौलिहवा देखि बहादुरगंज सम्म समेत हुलाकी राजमार्ग रहेको जग्गा नाप जाँच ऐन २०१९ वमोजिम २०२७।२८ सालमा नापी नक्शा हुँदा सो हुलाकी सडकको नक्शांकन र रेखांकन समेत भएको उक्त हुलाकी राजमार्गको हामी निवेदकको घरजग्गा भएको ठाउँमा कुल चौडाइ ५ मिटरदेखि ९ मिटरसम्म रहेको उक्त तथ्य नापी कार्यालयबाट प्राप्त नापीको नक्शाबाट समेत स्पष्ट रहेको सो हुलाकी सडकको किनारमा हामी निवेदकको तपसिलमा उल्लेख भएवमोजिमको जग्गा घर सम्पत्ति रहेको छ । तपसिल खण्ड क मा वरगदा मौजाको घर जग्गा तथा तपसिल खण्ड ख मा गैडहवा मौजाको हाम्रो जग्गा घर उल्लेख गरिएबमोजिम रहेको छ।नेपालको संविधानको धारा २५(१) ले प्रत्येक नागरिकलाइ कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक रहेको, नेपालको संविधानको धारा ३७(२) को व्यवस्था हेर्दा कानून वमोजिम वाहेक कुनै पनि नागरिकलाइ निजको स्वामित्व रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनी आवासको मौलिक हकको व्यवस्था गरिएको छ । मुलुकी देवानी संहिता, २०७४ को दफा २०(२)(घ) वमोजिम नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाइ स्वतन्त्रता र अधिकार रहेको छ भने मुलुकी देवानी संहिता, २०७४ को दफा

२०(२)(छ) वमोजिम सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोवार गर्ने प्रत्येक नेपाली नागरिकलाइ स्वतन्त्रता र अधिकार रहेको छ। यसका साथसाथै मुलुकी देवानी संहिता, २०७४ को दफा २५ ले सम्पत्ति प्राप्ति, अधिग्रहण, लिलाम वा जफत नगरिने कानूनी व्यवस्था गरेको छ। सो दफा हेर्दा कानून वमोजिम वाहेक राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले अधिकारको सिर्जना गर्ने छैन भनी स्पष्ट व्यवस्था गरेको छ । सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७५ अंक ४ नि.नं.९९८६ समेतका विभिन्न नजिरद्धारा पटक पटक यस सम्वन्धमा नजिर सिद्धान्त समेत प्रतिपादिन भएको अवस्था छ । यसप्रकार हामी निवेदकको तपसिलमा उल्लेख भएवमोजिमको जग्गा घर समेतको सम्पत्तिमा हाम्रो अनतिक्रम्य साम्पत्तिक हक रहेको कुरा निर्विवाद रहेको कुरामा हाल मिति २०७६।९।२८ गते विपक्षी हुलाकी राजमार्ग योजना कार्यालय, कपिलवस्तुको तर्फबाट भनी नाम नजानेको व्यक्ति हाम्रो गाउँमा आइ सूचना टाँस गरी उक्त हुलाकी राजमार्ग अन्तर्गत तौलिहवा-बहादुरगंज,झिंगाहा-झुलनिया-दत्तपुर-कटुवा-पिपरियावजार-गुगौली-भगवानपुर-तुरुन्तपुरखण्ड कपिलवस्तु सडक खण्डको निर्माण, स्तरोन्नति कार्य यस कार्यालयबाट हुन गइरहेको भनी उक्त सडक समेतको केन्द्र रेखा देखि दायाँ बायाँ १५।१५ मिटर दुरी भित्र बनाइएका घर, टहरा, विद्युत, टेलिफोन, केवलका पोलहरु, खानेपानीको पाइप, सिंचाइ नहर, रुख विरुवाहरु लगायत सम्पूर्ण स्थायी वा अस्थायी संरचनाहरु १५ (पन्ध्र) दिनभित्र हटाउनु भन्ने समेत वेहोराको सूचना जारी गरेको र हटाउनु भएन भने घर समेत भत्काइ दिन्छौं भनी धम्की समेत दिएको जबकि कुनै कानून वमोजिम विपक्षी तर्फबाट सो हाम्रो घर समेतका जग्गा प्राप्त गरिएको छैन सो विषयमा अन्य विपक्षी कार्यालयहरुमा उजुर गर्न जाँदा हाम्रो निवेदन पनि दर्ता नगरेको कुनै सुनुवाइ नगरेको अवस्था छ।हामी निवेदकले आफ्नो स्वामित्वको जग्गामा घर समेत बनाइ भोग गरी आएको अवस्था छ । हामी निवेदकले कुनै सडकको जग्गा अतिक्रमण समेत गरेका छैनौं । जग्गा नाप जाँच ऐन २०१९ वमोजिम तयार भएको नापीको नक्शामा हुलाकी सडकको चौडाइ ५ मिटर देखि ९ मिटर सम्म रहेको यस्तोमा ३० मिटर जग्गा लिंदा हाम्रो जग्गा घर वसोवास नै समाप्त हुने अवस्था रहेको छ। जबकि जग्गा प्राप्ति ऐन, २०३४ समेत प्रचलित कानूनी व्यवस्थाको कुनै प्रकृया पूरा गरिएको छैन । उक्त उल्लेख गरिएवमोजिम हाम्रो मौलिक र कानूनी हक प्रचलनका लागि अरु कुनै पर्याप्त प्रभावी कानूनी उपचारको अर्को वैकल्पिक व्यवस्था नभएको हाम्रो मौलिक र कानूनी हक प्रचलनका लागि सम्मानित अदालतमा यो निवेदन प्रस्तुत गरेका छौं ।

२.अतः विपक्षी प्रतिवादीहरुको नाउमा कारण देखाउने आदेश गरी लिखित जवाफ प्रस्तुत गर्न लगाइ विपक्षीहरुले अनधिकृत रुपमा केन्द्रविन्दुबाट १५।१५ मिटर गरी हाम्रो घरजग्गा सडकमा लिने भन्ने हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तुको सूचना समेतका हामीलाइ असर गर्ने सबै काम कारवाही उत्प्रेषणको आदेशले वदर गरी निवेदन दावीको व्यक्तिको जग्गा घर सम्पत्तिमा कुनै किसिमले अतिक्रमण गर्ने भत्काउने हटाउने लगायतका कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गरी कानून वमोजिम जग्गा प्राप्ति गर्ने समेत प्रचलित कानूनी प्रकृया पूरा नगरी निवेदन दावीका सम्पत्तिमा कुनै पनि किसिमको हस्तक्षेप गर्ने कार्य नगर्नु नगराउनु भनी परमादेशको आदेश समेत जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरी पाउँ तथा कारण देखाउने आदेश गर्दाका वखत नक्शामा हुलाकी सडक नक्शांकन भएको जग्गा वाहेक निवेदकको व्यक्तिगत घरजग्गा हटाउने भत्काउने अतिक्रमण गर्ने समेत कुनै किसिमको कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा मुलुकी देवानी संहिता, २०७४ को दफा १५८ तथा उच्च अदालत नियमावली २०७३ को नियम ४२ समेत वमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने वा.स.अब्बास तेली,वा.स.राम चन्द्र कहार र निज वा.स.दिनेश कुमार गुप्त (बानिया) को निवेदन पत्र।

३.तत्कालिन निर्माण तथा यातायात मन्त्रालयको मिति २०३४।०३।२० गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम "सार्वजनिक सडक ऐन २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि श्री ५ को सरकारले भैरहवा, लुम्बिनी, तौलिहवा, बहादुरगंज सडकलाई सहायक मार्गमा तोकी त्यसको सडक सीमा सडकको केन्द्र रेखा देखि दाँया/बाँया १५/१५ मिटर तोकिएको छ"।साथै श्री ५ को सरकारले मिति २०४९/०१/२९ को राजपत्रमा सूचना प्रकाशन गरि सडक सीमा तोकिएकोमा सडक सीमा र सीमा नतोकिएको सार्वजनिक सडकमा सो सडकको किनाराबाट ६/६ मिटर सम्म पर्खाल बाहेक अन्य कुनै किसिमको स्थाई बनोट (स्ट्रक्चर)वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गरेको छ ।विपक्षीले निबेदनमा उल्लेख गरे बमोजिम, जग्गा नापी ऐन २०१९ बमोजिम तयार भएको नापी नक्शामा हुलाकी सडकको चौडाई ५ देखि ९ मिटर सम्म रहेतापनि नेपाल सरकारले निषेध गरेको क्षेत्रमा बनाएका घर तथा संरचनाहरु नियम संगत भएको मान्न मिल्दैन।मिति २०७६।०७।०४ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी हुलाकी राजमार्ग अन्तर्गतको तौलिहवा- बहादुरगंज-झिगाहा- झुलानिया-दत्तापुर-कटुवा –पिपरिया बजार-गुगौली-भगवानपुर-तुरन्तरपुर सडक खण्ड साथै अन्य तीन सडक खण्डको सडक सिमाभित्र पर्ने घर टहरा,विद्युत/ टेलिफोन /केबुल पोल,खानेपानी पाइप,सिंचाई नहर,रुख विरुवाहरु लगायत सम्पूर्ण स्थाई तथा अस्थाई संरचनाहरु १५ दिन भित्र हटाइ सडक निर्माण कार्यमा सहयोग गरी दिन

सम्वन्धित सबै सरोकारवालाहरुलाई अनुरोध गरेका हौं।सही सूचना यस कार्यालयको आधिकारीक फेस बुक पेज @ hrpkapilbasto को वालमा मिति २०७६।०७।०६ गते पोष्ट गरेका थियौं ।साथै उक्त सूचना मिति २०७६।०७।०१ गते देखि मिति २०७६।०८।३० गतेसम्म मेरो सागि एफ.एम.,परासी एफ.एम.,देबदह एफ.एम,तथा संदेश एफ.एम जस्ता एफ.एम रेडियोहरुमा दैनिक ३/४ पटक प्रसारण गरेका थियौं।सडक सीमा खाली गर्ने सूचना,सडक खण्ड अन्तर्गत पर्ने बजारहरुमा भित्ते पंम्प्लेट बनाई टांस गरेको तथा उक्त सडक खण्डमा माइकिंग समेत गरेको अवस्थामा उक्त सडकको ठेक्का व्यवस्था श्री हुलाकी निर्देशनालय टेकु काठमाण्डौ भई मिति २०७६मंसिरमा ठेक्का सम्झौता भई ३ बर्षमा निम्न कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य समेत सुरु भैसकेको अवस्था छ ।विपक्षीले "हटाउनु पर्ने संरचना हटाउनु भएन भने घर समेत भत्काई दिन्छौं भनि धम्की दिएको तथा कार्यालयमा उजुरी गर्न जाँदा हाम्रो निवेदन पनि दर्ता नगरेको,कुनै सुनुवाई नगरेको" भन्ने सन्दर्भमा यस कार्यालयबाट कोही कसैले कसैलाई धम्की नदिएको बल्की यस कार्यालयले सडकमा पर्ने संरचनाहरु हटाउन अनुरोध गरेको साथै यस कार्यालयमा आएका उजुरीहरुको सुनुवाई राम्रो संग भएको हुँदा बिपक्षी निवेदकले उल्लेख गर्नु भएको कुराहरु झुठो भएकाले यस कार्यालयबाट भए /गरेका कामहरु कानून बमोजिम रहे भएको हुँदा बिपक्षीको रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने उच्च सरकारी वकिल कार्यालय बुटवल मार्फत हुलाकी राजमार्ग योजना कार्यलयले पेश गरेको लिखित जवाफ।

४.सार्वजनिक सडक ऐन, २०३१ अनुसार उक्त हुलाकी राजमार्ग अन्तरगत तौलिहवा बहादुरगंज झंगाहा झुलिनया दत्तपुर कटुवा पिपरिया वजार गुगौली भगवनापुर तुरुन्तपुर कपिलवस्तु सडक खण्ड समेतको केन्द्र रेखा देखि दायाँ वायाँ १५।१५ मिटर दुरी भित्र बनाइएका घर, टहरा, विधुत, टेलिफोन, केवलका पोलहरु, खानेपानीको पाइप, सिचाइ नहर, रुख विरुवाहरु, स्थायी अस्थायी संरचनाहरु निवेदकको जग्गामा भएको घर जग्गा हटाउने सम्बन्धमा मिति २०७६।३।१३ गते हुलाकी राजमार्ग योजना कार्यालयको समन्वयमा नापी कार्यालयले सडक सिमा (सडकको केन्द्रबाट दाया वाया गरि १५।१५ मिटर गरि जम्मा ३० मिटर २ महिना भित्र छुट्याइ सडक निर्माण कार्यमा सहजीकरण गर्ने भनी प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ४ वटा निर्णयहरु भएको साथै निज जग्गाधनीहरुको ज्ञापनपत्र यस कार्यालयमा मिति २०७६।९।१३ मा दर्ता भएकोले आवश्यक प्रकियाको लागि हुलाकी सडक आयोजनालाइ पठाइकोले सडकबाट हटाउने अधिकार सडक विभागलाई रहेकाले उक्त रिट निवेदन खारेज गरिदिनु भन्ने उच्च सरकारी वकिल कार्यालय बुटवल मार्फत पेश गरेको जिल्ला प्रशासन कार्यलय कपिलवस्तुको तर्फबाट प्रस्तुत लिखित जबाफ।

५.निवेदकहरुको जग्गा भएको घर जग्गा हटाउने भत्काउने अतिक्रमण गर्ने जस्ता कार्य समेत नगर्नु गराउनु भनि यस कार्यालयलाई छलफलका लागि मिति २०७६।१०।१२ मा उपस्थित हुनु बोलाइएकोमा तहाँ उपस्थित समेत भएको हुँदा निवेदकको जग्गामा भएको घर जग्गा हटाउने भत्काउने अतिक्रमण गर्ने जस्ता कार्यको कुनै पनि काम कारबाही यस कार्यालयबाट हाल सम्म नभएको ब्यहोरा अनुरोध छ ।रिट निवेदकहरुले यस कार्यालयलाई बिपक्षी बनाई दिएको रिट,निवेदन बदर भागी हुने हुँदा झुठो आरोप लगाई यस कार्यालयलाई बिपक्षी बनाई दिएको रिट निवेदन खारेज गरी पाउँ भनि उच्च सरकारी वकिल कार्यालय,बुटवल मार्फत  भूमिसुधार तथा मालपोत कार्यलय, कपिलवस्तुको लिखित जबाफ ।

६.हुलाकी राजमार्ग अन्तर्गत तौलिहवा-बहादुरगंज-झिगाहा-झुलिनिया-दत्तपुर-कटुवा-पिपरिया बजार – गुगौली- तुरुन्तपुर सडक खण्डको स्तरोन्नति कार्य केन्द्र रेखा देखि दायाँबायाँ १५/१५ मिटर गरी जम्मा ३० मिटर बाटो लगतकट्टा सम्बन्धमा नापी कार्यलयबाट उक्त सडक क्षेत्रमा पर्ने जग्गा हाल सम्म लगतकट्टा नभएको एवं सो सम्बन्धमा यस कार्यलयमा कुनै जानकारी एवं निर्णयहरुमा पनि संलग्न नभएको बेहोरा समेतको उच्च सरकारी वकिल कार्यलय मार्फत नापी कार्यलय कपिलवस्तु, तौलिहवाको लिखित जवाफ।

७.निवेदकहरुले उल्लेख गरेको हुलाकी राजमार्ग नेपाल सरकारको निर्णय अनुसार निर्माण हुन लागेको सडक भई हुलाकी राजमार्ग योजना कार्यालय मातहत निर्माण हुने सडक योजना हो। सो सडक निर्माण सम्वन्धमा यस महाराजगंज नगरपालिका कार्यालयको कुनै दोष छैन यस महाराजगंज नगरपालिकाको विरुद्धमा रिट जारी हुने अवस्था छैन ।निबेदन खारेजको भागी छ । महाराजगंज नगरपालिकाको क्षेत्रभित्रबाट तौलिहवा बहादुरगंज हुलाकी सडक गएको छ ।सो हुलाकी सडक धेरै पुरानो सडक रहेकोले जग्गा नांपजांच ऐन, २०१९ बमोजिम यस जिल्लाका २०२७/२०२८ सालमा नापी हुँदा जे जति हुलाकी सडकको भाग थियो सो नापीमा नक्शा भएको छ। सो हुलाकी सडक अलग अलग साँध सटेको निवेदकहरुको नापी दर्ता जग्गा बसोबासी घर जग्गा पक्की कच्ची घरहरु रहेको नक्शामा उल्लेख भएको हुलाकी सडकको चौडाई कम भएको र अहिले केन्द्र विन्दुबाट दुबै तर्फ १५/१५ मिटर जग्गा बाटोको लागी लिंदा साँध सीमानामा रहेको व्यक्तिको जग्गा घर सडक बाटोमा गई रहेको छ। कसको कति जग्गा घर सडक बाटोमा गइरहेको कुरा अदालतबाट नामनक्शा भएको खण्डमा स्पष्ट हुने नै छ ।उपर्युक्त आधार प्रमाण तथा नेपाल सरकार सडक बोर्डको निति नियमानुसार सडक स्तरोन्नतीकरण भई निर्माण हुन लागेको सडकको कार्यमा

नगरपालिकाको कुनै दोष नभई हाम्रो उपरको दावी बाट फुर्सद गरी रिट खारेज गरी पाउँ भन्ने महाराजगंज नगरपालिकाको कार्यालय, कपिलवस्तुको लिखित जबाफ।

८.यसमा के कसो भएको हो? निवेदकको माग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण र प्रमाण भए म्याद सूचना प्राप्त भएको मितिले बाटो को म्याद बाहक १५(पन्ध्र) दिन भित्र विपक्षी नं. १,२,६,७,८ को हकमा आफै वा आफ्नो कानून वमोजिमको प्रतिनिधि मार्फत, विपक्षी नं. ३,४,५ को हकमा उच्च सरकारी वकिल कार्यालय बुटबल मार्फत लिखित जवाफ लिई आउनु भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपी साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ पेश भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु गर्नु होला।अब निवेदकले अन्तरिम आदेश समेतको माग गरेकोले सो सम्वन्धमा विचार गर्दा,बिवादको बिषय वस्तुको प्रकृतिवाट दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेश दिने नदिने सम्वन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकाले सो प्रयोजनका लागी मिति २०७६।१०।१२ का दिन दुवै पक्ष छलफल प्रयोजनलाई उपस्थित हुनु भनी दिन तोकी विपक्षीहरुलाई सूचना दिनु र उक्त मितिसम्म निवेदकको जग्गामा भएको घर जग्गा हटाउने, भत्काउने, अतिक्रमण गर्ने जस्ता कार्य समेत नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरी दिएको छ।विपक्षीलाई सो समेतको जानकारी दिनु भन्ने यस अदालतको मिति २०७६।१०।०८ को आदेश।

९.हाल राष्ट्रिय गौरवको आयोजना मध्येको तौलिहवा बहादुरगंज-झिंगाहा-न्युलनिया-दन्तपुर कटुवा पिपरिया बजार गुगौली-भगवानपुर-तुरन्तपुर खण्ड कपिलवस्तुलाई सार्वजनिक सडक ऐन,२०३१ अन्तर्गत २०३४।३।२० मा तत्कालिन श्री ५ को सरकारको तर्फबाट नेपाल राजमार्गमा सूचना प्रकाशित भई उक्त सडक खण्डलाई आधार बनाएर हुलाकी सडक निर्माणको कार्य अगाडी बढाइएको अवस्था हुँदा र उक्त २०३४।३।२० को सूचनाको बैधता,कार्यान्वयन,निवेदकहरुको जग्गाको मुअब्जा लगायतका बिषयमा रिट निवेदनको अन्तिम टुङ्गो लगाउँदाका बखत निक्यौंल हुने नै हुँदा सडक बिस्तारको क्रममा सम्पूर्ण घर जग्गा पर्न गई बेघरबार हुने अवस्थाका व्यक्तिहरुको पहिचान गरी निजहरुको उचित व्यवस्थापनको कार्य स्थानीय तह एवं आयोजना समेतको समन्वयमा हुने नै हुँदा हाल २०७६।१०।८ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने देखिएन नियमानुसार गरी पेश गर्नुहोला भन्ने मिति २०७६।१०।१५ मा भएको यस अदालतको आदेश।

## अदालतको आदेश

१०. नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश भएको प्रस्तुत रिटमा निवेदकतर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री हिमलाल न्यौपानेले साविकको ५ देखी ९ मिटर फराकिलो बाटो विस्तार गर्ने निहुँमा कानूनी प्रक्रिया नपुऱ्याई विपक्षीहरुले दायाँबायाँ १५-१५ मिटर कायम गर्ने गरी मेरो पक्षहरु बसोबास गरेको टहरा घर लगाएतका संरचना भत्काउन सूचना जारी गरेकोले मेरो पक्षहरुको संविधान प्रदत्त सम्पत्ति सम्वन्धि हकको प्रचलनमा रोक लगाई मौलिक हकको हनन गरेको र कानूनी उपचारको अन्य प्रभावकारी मार्ग नभएकोले प्रस्तुत निवेदन लिई आएकोले विपक्षीहरुको उक्त सूचना लगाएतका कार्य वदर गरी कानूनी प्रक्रिया पुऱ्याई जग्गा प्राप्त गरी सडक विस्तार गर्नु भनी विपक्षीहरुको नाउँमा आदेश जारी गरी पाउँ भनी र विपक्षीहरुको तर्फबाट उच्च सरकारी वकिल कार्यलय, बुटवलका उपस्थित विद्वान का.मु.सह-न्यायाधिवक्ता श्री मोहन सागर बस्यालले कानून वमोजिम २०३४ सालमा सूचना प्रकाशित गरी सडक क्षेत्र निर्धारण भएको र २०४९ सालमा सूचना प्रकाशित गरी संरचना निर्माण गर्न रोक लगाएको हुँदा क्षतिपुर्ति दिन नपर्ने मुलुकको सम्पत्ति राज्यको पहिलो हक हुने र निवेदकले कुन निर्णय वदर गर्न माग गरेको हो स्पष्ट दावी नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनि गर्नु भएको वहस समेत सुनियो।

११. मिसिल केलाई हेर्दा, हामी निवेदकको जग्गा घर समेतको सम्पत्तिमा हाम्रो अनतिक्रम्य साम्पत्तिक हक रहेको कुरा निर्विवाद रहेको कुरामा हाल मिति २०७६।९।२८ गते विपक्षी हुलाकी राजमार्ग योजना कार्यालय, कपिलवस्तुको तर्फबाट भनी नाम नजानेको व्यक्ति हाम्रो गाउँमा आइ सूचना टाँस गरी उक्त हुलाकी राजमार्ग अन्तर्गत तौलिहवा-बहादुरगंज-झिंगाहा-झुलनिया-दत्तपुर-कटुवा-पिपरियावजार-गुगौली-भगवानपुर-तुरुन्तपुर खण्ड कपिलवस्तु सडक खण्डको निर्माण/स्तरोन्नति कार्य यस कार्यालयबाट हुन गइरहेको भनी उक्त सडक समेतको केन्द्र रेखादेखि दायाँ।बायाँ १५।१५ मिटर दुरी भित्र बनाइएका घर, टहरा, विद्युत।टेलिफोन।केवलका पोलहरु, खानेपानीको पाइप, सिंचाइ नहर, रुख विरुवाहरु लगायत सम्पूर्ण स्थायी वा अस्थायी संरचनाहरु १५ (पन्ध्र) दिनभित्र हटाउनु भन्ने समेत व्योहोराको सूचना जारी गरेको र हटाउनु भएन भने घर समेत भत्काइ दिन्छौं भनी धम्की समेत दिई गएको जबकि कुनै कानून वमोजिम विपक्षी तर्फबाट सो हाम्रो घर समेतका जग्गा प्राप्त नगरी हटाउन लागेकोले सो विषयमा अन्य विपक्षी कार्यालयहरुमा उजुर गर्न जाँदा हाम्रो

निवेदन पनि दर्ता नगरी, कुनै सुनुवाइ नगरेको अवस्था छ ।हामी निवेदकले आफ्नो स्वामित्वको जग्गामा घर समेत बनाइ भोग गरी आएकोले कुनै सडकको जग्गा अतिक्रमण समेत गरेका छैनौ। जग्गा नाप जाँच ऐन २०१९ बमोजिम तयार भएको नापीको नक्शामा हुलाकी सडकको चौडाइ ५ मिटर देखि ९ मिटर सम्म रहेकोमा ३० मिटर जग्गा लिंदा हाम्रो जग्गा घर वसोवास नै समाप्त हुने अवस्था रहेकोले विपक्षीहरुको यस्तो कार्यबाट हाम्रो मौलिक र कानूनी हक प्रचलनका लागि अरु कुनै पर्याप्त प्रभावी कानूनी उपचारको अर्को वैकल्पिक व्यवस्था नभएकोले मौलिक र कानूनी हक प्रचलनका लागि सम्मानित अदालत समक्ष प्रस्तुत भएका हौ भन्ने रिट निवेदन बेहोरा र मिति २०७६।३।१३ गते हुलाकी राजमार्ग योजना कार्यालयको समन्वयमा नापी कार्यालयले सडक सिमा (सडकको केन्द्रबाट दाया वाया गरि १५।१५ मिटर गरि जम्मा ३० मिटर २ महिना भित्र छुटयाइ सडक निर्माण कार्यमा सहजीकरण गर्ने भनी प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ४ वटा निर्णयहरु भएको साथै निज जग्गाधनीहरुको ज्ञापनपत्र यस कार्यालयमा मिति २०७६।९।१३ मा दर्ता भएकोले आवश्यक प्रकियाको लागि हुलाकी सडक आयोजनालाइ पठाइएकोले सडकबाट हटाउने अधिकार सडक विभागलाइ रहेकाले उक्त रिट निवेदन खारेज गरिदिनु भन्ने उच्च सरकारी वकिल कार्यालय बुटवल मार्फत पेश गरेको जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको लिखित जवाफ,निवेदकहरुले उल्लेख गरेको हुलाकी राजमार्ग नेपाल सरकारको निर्णय अनुसार निर्माण हुन लागेको सडक भई हुलाकी राजमार्ग योजना कार्यालय माताहत निर्माण हुने सडक योजना भएकोले सडक निर्माण सम्वन्धमा नगरपालिका कार्यालयको कुनै दोष नहुँदा रिट जारी हुने नभई खारेज भागी छ भनि महाराजगंज नगरपालिका कार्यालयको लिखित जवाफ, हुलाकी राजमार्ग योजना कार्यालयको लिखित जवाफ वेहोरालाई हेर्दा साविकमा हुलाक सडक ५-९ मिटर फराकिलो भए पनि २०३४ सालमा उक्त सडकलाई सहायक राजमार्गको नामाकरण गरी सडकको केन्द्र विन्दुवाट दायाँबायाँ १५/१५ मिटर रहने गरी सडक सीमा तोकी २०४९ सालमा उक्त क्षेत्रमा भवन लगायतको स्थाई संरचना बनाउन नपाउने गरी रोक्का राखिएकोले त्यस्तो क्षेत्रमा बनाएका संरचनाहरु गैर कानूनी हुँदा हटाउन सूचना गरिएकोले निवेदकहरुको हक हनन हुने कार्य नगरेकोले रिट निवेदन खारेज हुनु पर्छ भन्ने पाइयो।

१२. उपरोक्त बमोजिमको निवेदन,लिखित बेहोरा, पेश भएका मिसिल संलग्न कागजप्रमाण र दुवै तर्फका विद्वान कानून व्यवसायीहरुको तर्कपूर्ण वहस समेत सुनि विचार गर्दा निवेदकको माग वमोजिमको आदेश जारी हुने नहुने सम्वन्धमा निर्णय दिनु पर्ने देखियो।

१३. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत विवादमा निषेधाज्ञाको औचित्यतता नदेखिएकोले त्यसतर्फ केही बोलिरहन परेन। सिद्धान्तत उत्प्रेषणको रिट विशेष प्रकारको कानूनी उपचार हो। यस्तो आदेश जारी हुनको लागी विपक्षीहरुको कार्य निम्न मध्ये कुनै एक वा सो भन्दा बढी त्रुटिपूर्ण देखिनु अनिवार्य छ।

(क) विपक्षीहरुको कार्य क्षेत्राधिकार विहिन हुनु पर्ने (lack of jurisdiction)

(ख) त्यस्तो विपक्षिको कार्य क्षेत्राधिकार नाघेको हुनु पर्ने (excess of jurisdiction)

(ग) विपक्षीले निर्णय वा कार्य गर्दा अधिकारको दुरुपयोग गरेको हुनु पर्ने (abuse of jurisdiction)

(घ) निजहरुले निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नमा वा प्रतिकूल वा विपरित गरेको हुनुपर्छ। (violation of principle of natural justice )

(ङ) विपक्षीको काम वा निर्णयको अभिलेखवाट कानून त्रुटीपूर्ण देखिनु पर्ने( error of law appeerent the face of record)

(च) विपक्षिको कार्य वा निर्णय जालसाजीपूर्वक वा वदनियतपूर्वक गरी पक्षपात पूर्ण भएको देखिनु पर्ने(decision was prejudiced by fraud, collusion & perjury)

(छ) स्वविवेकी अधिकारको दुरुपयोग(abuse of discretionary power)

(ज) विपक्षिहरुको निर्णय असम्बद्ध प्रमाणका आधारमा भएको (decision based on the irrelevant fact or evidence)

(झ) भुतलक्षी प्रभाव पार्ने निर्णय भएको (retrospective decision)

(ञ) निर्देशित निर्णय(mechanical decision)

(ट) कानूनले सम्पादित गरेका वाध्यात्मक रुपले पलना गर्नु पर्ने कार्यविधिहरुको पालन नगरी निर्णय गरिएको(failure to adopt binding procedure established by law)

१४. यसै गरी सिद्धान्तत परमादेशको आदेश जारी हुन विपक्षीहरुको काम कारवाही यस प्रकार हुनु पर्छ-

- निवेदकको निर्विवाद मौलिक वा कानूनी हक हनन हुनुपर्ने ( violation of absolute legal right)

- विपक्षीको कायर्वाट निवेदकको हकमा गैर कानूनी हस्तक्षेप भएको हुनुपर्ने(infringed right of petitioner)
- सार्वजनिक अधिकारीले क्षेत्राधिकार बाहिर गई काम कारवाही गरी रहेको(out of jurisdiction )
- सार्वजनिक अधिकारीले गर्नु पर्ने कार्य वा निर्णय नगरी विलम्ब गरी निवेदकको हकमा असर पुऱ्याएको(right of petitioner infringed due to non-performance of duty by the public authority)
- सार्वजनिक अधिकारीले गरेको क्षेत्राधिकार विहिन आदी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भएकोमा पुनः क्षेत्राधिकार प्राप्त निकाय वा विपक्षी सार्वजनिक अधिकारीलाई निर्णय गर्ने आदेश दिने (decision of public authority has been void in such ground then grant order to decide case under the law)

१५.विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १७ ले प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसंग मिलेर आफ्नो सम्पत्ति राख्ने अधिकार हुने र व्यक्तिलाई प्राप्त सम्पत्तिवाट कुनै किसिमले आफ्नो सम्पत्तिवाट वन्चित गरिने छैन भन्ने व्यवस्था पाइन्छ।

१६. नेपालको संविधान २०१९ को धारा १५ मा कानून वमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन भन्ने र नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ ले सार्वजनिक हितका लागी बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति आधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै अधिकारको सृजना गर्ने छैन, सार्वजनिक हितका लागी राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा दिनु पर्ने क्षतिपूर्ति कानूनमा निर्धारण भए वमोजिम हुनेछ भन्ने तथा नेपालको अन्तरिम संविधान, २०६३ को दफा १९ ले सम्पत्तिको हक अन्तर्गत सार्वजनिक हितका लागी राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सृजना गर्दा कानून वमोजिम क्षतिपूर्ति दिइने छभनि सम्पतिको हक नागरिकलाई प्रदत्त गरेको अवस्था छ।

१७. वर्तमान नेपालको संविधानको धारा २५ (१)ले प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्तिको आर्जन गर्ने, भोग गर्ने,बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्न हक हुने,र नेपालको संविधानको धारा २५ (२)ले सार्वजनिक हितका लागी बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन। राज्यले सार्वजनिक हितका लागी कुनै पनि व्यक्तिको

सम्पत्ति अधिग्रहण, क्षतिपूर्तीको आधार र कार्यप्रणाली ऐनले व्यवस्था गरे वमोजिम हुनेछ भन्ने व्यवस्था पाइन्छ।

१८. सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ वमोजिम सार्वजनिक सडकको क्षेत्र तोक्ने, दफा ४ ले सार्वजनिक सडकको लागी व्याक्तिको जग्गा प्राप्त गर्न सक्ने र जग्गा प्राप्ति सम्वन्धि प्रक्रियामा प्रचलित कानून वमोजिम हुने भन्ने ऐ.को दफा १४ मा व्यवस्था भएको छ।

१९. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन वमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ। सार्वजनिक सडकको लागी नागरिकको निजि सम्पत्ति प्राप्त गर्ने सम्वन्धमा यस ऐनमा वृहत व्यवस्था भएको पाइन्छ।

२०. विवादित हुलाक सडक साविकमा ५ देखी ९ मिटर चौडा कायम भएको कुरा सर्भे नापी नक्शा, रिट निवेदकहरुको निवेदन व्यहोरा र विपक्षी हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तुको लिखित जवाफवाट समेत देखिन आयो। उपरोक्त वमोजिमको हुलाकी सडकलाई सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले मिति २०३४।३।२० मा भैरहवा लुम्बिनी तौलिहवा बहादुरगञ्ज सडकलाई सहायक राजमार्ग तोकी त्यसको सडक क्षेत्र सडकको केन्द्र रेखा देखी दाया बाया १५-१५ मिटर तोकिएको पाइन्छ भने मिति २०४९।१।२९ मा सूचना प्रकाशित गरी सडक सीमा तोकिएकोमा सडक सिमा र सिमा नतोकिएकोमा सार्वजनिक सडकमा सडकको किनारवाट ६/६ फिट सम्म पर्खाल बाहेक अन्य कुनै किसिमको स्थाई बनोट(structure) वा भवन कसैले निर्माण गर्न नपाउने गरी रोक लगाएको अवस्था पाइयो।

२१. उपरोक्त वमोजिम संवैधानिक तथा कानूनी व्यवस्था अनुसार सार्वजनिक प्रयोजनका लागी नागरिकको निजि सम्पत्ति राज्य वा सरकारले लिन सक्ने प्रावधान रहेको र सम्पत्तिको अधिकार सम्वन्धि विधि शास्त्रिय मान्यताले पनि सार्वजनिक हितका लागी राष्ट्रिय सम्पत्ति उपर राज्यको पहिलो हक (Eminent Domain) हुने पाइन्छ। त्यस्तो मान्यता समेतको आधारमा सार्वजनिक हितको लागी नागरिकको सम्पत्ति राज्यले नियमन, संकुचन र नियन्त्रण समेत गर्न सक्ने नै पाइन्छ। सम्पत्ति सम्वन्धि विधि शास्त्रीय मान्यता र कानून वमोजिम राजपत्रमा सूचना प्रकाशित गरी राज्यले सार्वजनिक सडक क्षेत्र तोक्ने र नागरिकको जग्गा प्राप्त गर्न सक्ने भएको र

निवेदकहरुले त्यस्तो मान्यता र कानूनका सम्वन्धमा कानूनी चुनौती नदिएकोले त्यस तर्फ थप चर्चा गरिरहन परेन।

२२. उपरोक्त वमोजिम नेपाल सरकारले २०३४ सालमा सूचना प्रकाशित गरी विवादित सडकलाई सहायक राजमार्गमा समावेश गरी सडक क्षेत्र समेत तोकेवाट साविकको हुलाकी सडकको क्षेत्र विस्तार हुन पुग्ने भई नागरिकको सम्पत्ति राज्यले सडकमा समेट्न पुगेको अवस्था छ। नेपाल सरकारले उक्त जग्गा प्राप्त गरेको हो होईन भन्ने सम्वन्धमा विचार गर्दा २०३४ सालमा सूचना प्रकाशित गर्ने र २०४९ सालमा उक्त तोकिएको सडक क्षेत्रमा भवन आदी निर्माण गर्न रोक लगाउने सम्म काम गरेता पनि सरकारले आज पर्यन्त निवेदकहरुका जग्गाहरु प्राप्त गरेको अवस्था पाईएन।निवेदकहरुको विपक्षीहरुले जग्गा प्राप्त गर्ने कानूनको प्रक्रिया पुरा नगरी मिति २०७६।९।२८ गते हुलाकी राजमार्ग अन्तर्गत तौलिहवा बहादुरगंज झंगाल झुलनिया उत्तरकटुवा पिपरिया बजार गुर्गौली भगवानपुर गर्गौली तुरुन्तपुर खण्डमा सूचना प्रकाशित गरी सडकको केन्द्र रेखा देखी दायाँ वायाँ १५-१५ मिटर भित्र बनाइएको घर टहरा, विद्युत, टेलिफोन, केवल पोल लगाएत सम्पूर्ण स्थाई वा अस्थाई संरचनाहरु हटाउनु भन्ने जानकारी दिई सम्पति सम्बन्धी मौलिक र कानूनी हक हनन गरेको भन्ने दावी रहेको छ। उक्त क्षेत्रको नापी कार्यालय र मालपोत कार्यालयको लिखित जवाफवाट समेत निवेदकहरुका जग्गाहरु निजहरुकै नाउँमा रहेको, कुनै कित्ताकाट नभएको र हक हस्तान्तरण भएको छैन भन्ने उल्लेख भएको पाईन्छ । निवेदकहरुले निवेदन साथ आ-आफ्नो जग्गाको जग्गाधनि प्रमाण पुर्जा समेत पेश गरी घरको विवरण समेतका संरचनाहरुको उल्लेख गरेको पाईन्छ। यस प्रकार विपक्षीहरुले उक्त क्षेत्रको हुलाकी सडक विस्तारको लागि आजसम्म जग्गा प्राप्त गरेको पाइएन । उक्त जग्गाहरु २०२७/२८ सालमा सर्भेनापी नापि अनुसार नै नागरिकहरुले उपयोग गर्ने, बेचविखन गर्ने, हक हस्तान्तरण गर्ने आदी निरन्तर रुपमा गर्दै आएको पाइयो । यसरी उक्त जग्गाहरु हाल सम्म पनि व्यक्ति कै स्वामित्व र भोगमा रहेको अवस्था विद्यमान छ।

२३. विपक्षीहरुको लिखित जवाफ व्यहोरावाट क्षतिपूर्ति दिएर जग्गाहरु प्राप्त गर्ने र सडक विस्तार गर्ने भनी उल्लेख भएको अवस्था पाइएन। २०३४ सालको सडक क्षेत्र तोकिएको सूचना र २०४९ सालमा स्थाई संरचना निर्माण गर्न रोक लगाएको सूचनाले नागरिकका जग्गा लगाएतको निजी सम्पत्ति प्राप्त गरेको भन्न खोजिएको हो वा के हो ? लिखित जवाफमा खुलाउन सकेको पाइएन।

२४. उपरोक्त सूचनावाट राज्यले सार्वजनिक प्रयोजनका लागि निवेदकहरुका जग्गा लिने आशय सम्म देखिन आएता पनि जग्गा लिएको अवस्था अवस्था होइन भन्ने इजलासको ठम्याई छ।

२५. उपरोक्त वर्णित संविधान र कानुनी व्यवस्थाको समग्रमा समिक्षा गर्दा व्यक्तिको निजि सम्पत्ति केवल सार्वजनिक प्रयोजनको लागी राज्यले लिन पाउने र त्यसरी निजि सम्पत्ति लिदा कानून वमोजिम क्षतिपूर्ती दिनुपर्ने बाधात्मक कानूनी व्यवस्था पाइन्छ।

२६. उक्त कानूनको परिपालना नगर्ने हो भने संविधानमा र कानूनमा लिपिवद्ध गरी प्रत्याभूत गरिएका मौलिक हक र कानूनी हक केवल कानूनी दस्तावेजिय अधिकारमा सिमित हुन पुग्छन। यस्तो प्रवृतिले कानूनी शासन, मानव अधिकार र सुशासनको मुल्य मान्यता स्थापित नहुने मात्रै होइन यस्ता मुल्य मान्यताको उपहास हुन जान्छ।यस्तो कार्य कानूनी शासनमा सुहाउँदो र अनुकुल हुने पाइदैंन।

२७. निवेदकहरुका आबास तथा संरचनाहरुको क्षतिपूर्ति दिन पर्ने नपर्ने सम्वन्धमा विचार गर्दा २०४९।१।२९ गते पूर्व निर्माण भएका स्थाई संरचनाहरु भएको खण्डमा त्यस्तो संरचनाहरुमा पनि क्षतिपूर्ति दिनु पर्ने देखिन आउँछ। राज्यले व्यक्तिको सम्पत्ति उपर कुनै कार्य गर्न रोक नलगाएको अवस्थामा गरिने जुनसुकै कार्य वैध (legally valid) मानिन्छ। यसरी वैधानिक रुपले निर्माण भएका संरचनाहरु अब राज्यको काम कारवाहीवाट नोक्सान हुन पुग्छ भने त्यसको दायित्व राज्यले व्यहोर्नु पर्ने हुन आउँछ।

२८. नेपाल सरकारले मिती २०४९।१।२९ मा सूचना प्रकाशित भए पश्चात गाउँपालिका वा नगरपालिकाद्वारा सूचनाले तोकेको सडक क्षेत्रमा स्थाई संरचना वा भवन आबास निर्माण गर्न नक्शा पास गरी स्वीकृत दिन रोक लगाउन पर्ने हो।यसरी सडक क्षेत्र घोषणा गरी रोक लगाएका क्षेत्रमा पनि नगरपालिकाहरुले घर बनाउन नक्शा पास गरी स्वीकृत दिएको अवस्था विभिन्न क्षेत्रका विवादले उजागर गरेको पाइन्छ।यो राज्य र स्थानीय निकाय विचको समन्वय नभएको अवस्था र नागरिकको हक प्रति राज्यको उदासिनता हो कि ? राज्यको एउटा निकायले निर्माणमा रोक लगाउने र अर्को तहका निकायले निर्माण गर्ने स्वीकृत दिने अवस्था पाइनु लोक कल्याणकारी शासन व्यवस्था अपनाएको मुलुकको लागी सुहाउँदो कुरा होइन । निवेदकहरुले पेश गरेका जग्गा धनिपुर्जाहरुवाट केवल घडेरी सम्म हुने सानो सानो क्षेत्रफल रहेको जग्गा पनि धेरै पाइन्छ । राज्यले त्यस्ता व्यक्तिको जग्गा र भौतिक संरचनाको क्षतिपूर्ति नदिई प्राप्त गर्दा नागरिक घरवारविहीन हुने अवस्था आउँछ। त्यस्तो नागरिकको जग्गा आदी लिएर निर्माण हुने सडकले निजहरुको नाना, छाना र खानाको आवश्यकता पुर्ति हुन सक्दैन। त्यस्ता नागरिकको जीवन रक्षा गर्ने दायित्व पनि राज्यको हुने देखिन्छ। नेपालको संविधानले यी अधिकारलाई नागरिकको मौलिक अधिकारको रुपमा संविधानमा व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३७ ले आबासको

हकको व्यवस्था गरेको छ भने यो संविधानको धारा ५१ मा राज्यमा नितिहरुको व्यवस्था गरी उपधारा(ज) मा नागरिकका आधारभूत आवश्यकता सम्वन्धी नीतिको ११औं खण्डमा योजनावद्ध बसोवासको प्रसङ्गलाई दर्शाइएको छ।नागरिकसंग भएको सम्पत्ति राज्यले लिने र क्षतिपूर्ति नदिने हो भने नागरिकहरु सुकुम्बासी हुन पुग्ने अवस्था आउँछ। त्यस्ता भूमीहिन सुकुम्बासी आदीको बसोवास आदिको व्यवस्था गर्ने दायित्व समेत राज्यकै हुन आउँने कुरामा सन्देह छैन।

२९. नेपालको संविधानमा भएको मौलिक हक कार्यन्वयन गर्न जारी भएको ऐनहरु मध्ये आबासको अधिकार सम्वन्धि ऐन, २०७५ को दफा ३ ले प्रत्येक नागरिकलाई आबासको अधिकार हुने र ऐ. को दफा ४ ले नागरिकको आबास सम्वन्धि अधिकारको सम्मान गर्नु पर्ने व्यवस्था गर्दै आइरहेको छ। नागरिकलाई आफ्नो आबास शान्तीपूर्ण र निर्वाधरुपले उपयोग गर्न दिनुपर्ने हुन्छ। कुनै आधारमा नागरिकलाई आबासको सुविधावाट वञ्चित गर्न वा निष्कासन गर्न नपाइने गरी विना विभेदको कानूनी हक प्रत्याभूत गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११(४)(झ) को कानूनी व्यवस्थालाई केलाउँदा यस्ता सुकुम्बासीहरुको व्यवस्थापनको व्यवस्था गरी सुकुम्बासीको पहिचान, अभिलेख व्यवस्थापन र सुकुम्बासी सम्वन्धि जिवीकोपार्जन र बसोवास व्यवस्थापन समेत गर्ने कार्य स्थानिय पालिकाको हुने देखिन आउँछ। उपरोक्त वमोजिम उल्लेखित नागरिकका अधिकारहरुको त्यति वेला सम्मान हुन्छ, जव व्यहारमा उतारिन्छ।ती हकहरु फगत देखाउन होइन व्यहारमा कार्यान्वयनमा आएपछि मात्रै सही अर्थमा नागरिकलाई प्रत्याभूत गरिएको मानिन्छ। यसका लागी जिम्वेवार सार्वजनिक अधिकारीको राज्यमा आवश्यक छ। यसैलेमानव अधिकार विधिशास्त्रमा एक उक्ति (quotarion)पाईन्छ।जसमा भनिन्छ **"No meaning of textual rights of citizen until public authority will irresponsible"**. विपक्षीहरु राज्यका अधिकारीहरु भएकोमा दुईमत छैन।यसरी नागरिकको बसोवास व्यवस्थापनको जिम्वेवारी केन्द्र, प्रदेश र स्थानिय तिनै सरकारको देखिन आउँछ। अतःभैरहेको बसोवासको व्यवस्थावाट नागरिकलाई विस्थापन गरी अव्यवस्था सृजना गर्ने कार्य न्यायोचित हुने देखिदैन।

३०. सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्तहरुलाई केलाउँदा यस प्रकार पाईन्छः-

- सडक विस्तार गर्नु पर्ने भए प्रक्रिया पुरा गरी प्रचलित कानून वमोजिम जग्गा प्राप्त गरी कार्य गर्नु भन्ने परमादेशको आदेश (कृष्ण राज पाण्डे वि.का.म.न.प.नं.झ.प. २०६२ नि.नै. ७५४४ अक ५ पृष्ठ ६१८)

- एक पटक प्रचलित कानून वमोजिम घर निर्माणको लागी इजाजत लिँदा विपक्षी निवेदकहरुको बसोवासको लागी घर निर्माण भएपछि त्यस्तो घर भएको जग्गा नेपाल सरकार वा त्यसको कुनै निकायले फराकिलो पार्ने प्रयोजनको लागी वा अन्य कुनै सार्वजनिक प्रयोजनकोलागी लिनु पर्ने भएमा प्रचलित कानून वमोजिम कारवाही चलाई निवेदकहरुलाई उचित र विधि सम्मत रुपमा क्षतिपूर्ती दिई प्राप्त गर्नु पर्ने(भाईकाजी तिवारी वि.चर्तुभुज भट्ट समेत- मुद्दाः उत्प्रेषण,परमादेश,ने.का.प.२०७२ अंक १२ नि.न.९५०८)
- सडक निर्माण गर्दा वा निर्माण भैसकेको सडकमा हुने भई विस्तार गर्नु पर्दा सो सडकले विस्थापित गरेको जग्गा टहरा पर्खाल लगाएतको अचल सम्पत्तिको स्वामित्वहरुवालालाई कानून वमोजिम मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने (भिम बहादुर श्रेष्ठ समेत वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय ५ नं. शिवपुर समेत (स.अ.बुलेटिन २०१६, अंक १३ पृष्ठ ११ उपत्यका नगर विकास समिति समेत वि. सुनकेशरी जोशी समेत (स.अ.बु.२०७० अंक ९ पृष्ठ ३)।
- सडकको सीमा तोक्दैमा जग्गामा पहिलो हक स्वामित्व समाप्त हुन सक्दैन र सरकारको उक्त सम्पत्ति हक स्थापना भई  भोगाधिकार प्राप्तहुन सक्ने र अधिकारको सृजना गरी कब्जा गर्न विशेष परिस्थितिमा वाहेक सक्ने देखिदैन। नागरिकको निजि सम्पत्ति माथी राज्यले अधिकार सृजना गर्नेमा जग्गा प्राप्ति सम्वन्धि प्रचलित कानून जग्गा प्राप्ति ऐन, २०३४ अनुरुपको कार्य अनिवार्य रुपमा गर्नु पर्ने ।
- नियमित कार्यको रुपमा सम्पन्न गर्नु पर्ने विकास निर्माण र सो को पूर्वाधारको निर्माणको लागी जग्गा प्राप्त नगरी सरकारको अधिकार सृजना हुने वा प्राप्त जग्गाको मुआब्जा दिनु नपर्ने भन्ने कल्पना सम्म पनि गर्न सक्ने अवस्था नरहने।
- सम्पत्तिको सुरक्षा प्रत्याभूत गर्ने संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल कार्य गर्न सकिन्छ भन्ने मान्यता प्रदान गर्ने हो भने  सरकार र मातहत निकाय वा पदाधिकारिको इच्छा र चाहानाले कानूनमाथि दमन गर्न सक्छ जो सर्वथा कानूनी शासनको सिद्धान्तको प्रतिकूल हुन जाने (ने.का.प. २०७७ अंक ४ नि.नं. ९९८६ पृ.६२८ सान श्रेष्ठ समेत वि. नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंह दरवार काठमाडौं समेत, मुद्दाः उत्प्रेषण परमादेश)।

३५ अत:उपरोक्त बमोजिमको विधि शास्त्रीय मान्यता,संवैधानिक व्यवस्था,कानून र प्रतिपादन भएका नजिर सिद्धान्तले व्यक्तिको निजि सम्पत्ति सरकारले सार्वजनिक प्रयोजनको लागि लिन पाउने कानूनी व्यवस्था देखिएको परिप्रेक्ष्यमा सहायक मार्गको रुपमा वर्गिकरण भएको विवादीत तौलिहवा बहादुरगंज झंगाल झुलनिया उत्तरकटुवा पिपरिया बजार गुर्गौली भगवानपुर तुरुन्तपुर कपिलवस्तु सडकको निमित्त निवेदकहरुको जग्गा लिने गरी सूचना समेत प्रकाशित भई सडक विस्तारको लागी ठेक्का संझौता समेत भैसकेको अवस्था पाइयो। सार्वजनिक हितका लागी राष्ट्रिय सम्पत्ति उपर पहिलो हक राज्यमा अन्तरनिहित हुने र यस मान्यता अनुसार व्यक्तिको सम्पत्ति उपर राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने अवस्था पाइन्छ। यस सम्वन्धमा निवेदकहरुले प्रश्न उठाएको अवस्था नदेखिंदा यस सम्वन्धमा थप विवेचना गरिरहनु परेन।

३६ नागरिकको निजि सम्पत्ति राज्यले सार्वजनिक प्रयोजनको लागी प्राप्त गर्दा कानूनको उचित प्रकृया पुऱ्याई मुआब्जा समेत दिई प्राप्त गर्नु पर्ने संवैधानिक र कानूनी व्यवस्था पाइन्छ। सार्वजनिक सडक ऐन, २०३१ वमोजिम २०३४ सालमा सडक सिमा निर्धारण गरी सूचना प्रकाशीत भएकोमा निवेदकहरुको जग्गाको मुआब्जा दिएको अवस्था पाइएन। यसै गरी २०४९।१।२९ मा राजपत्रमा सूचना प्रकाशित गरी सडक सीमा तोकिएकोमा सडक सीमा र सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनारावाट ६/६ मिटर सम्म पर्खाल बाहेक अन्य कुनै किसिमको स्थाई बनोट(इस्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी सूचना प्रकाशित गरेको पाइन्छ।कानूनको प्रकृया पुरा गरी जग्गा आदि प्राप्त गरी विकास निर्माणको कार्य गर्दा नागरिकको मौलिक हकको सम्मान र कानूनी राज्यको मुल्य मान्यता स्थापित गर्न राज्यका निकाय लागी परेको सन्देश जाने भई सुशासनको प्रत्याभूति हुने भएकोले विपक्षी नं. ४ र ५ वाहेकका अन्य विपक्षीहरुका नाउँमा निम्न वमोजिम निर्देशानात्मक आदेश जारी गरिदिएको छ।

- विवादित सडकको लागी लिन लागिएको जग्गामा निवेदकहरुको स्वामित्व रहेको छ छैन छानबिन गरी स्वामित्व भएका निवेदकहरुको जग्गाको मुआब्जा दिनु।
- निवेदकहरुको स्वामित्वका जग्गामा स्थाई संरचना वा निर्माण(construction) भएको भए २०४९ सालमा प्रकाशीत सूचना पूर्व वा सूचना पश्चात निर्माण भएको हो? छानबिन गरी सूचना पूर्व निर्माण भएको भए सो निर्माण समेतको क्षतिपुर्ति दिनु।
- विकास निर्माण सार्वजनिक हितको निमित्त नै राज्यले संचालन गर्ने भएकोले नागरिकको सम्पत्ति अधिग्रहण गरी मुआब्जा दिएपछि मात्रै विकास निर्माणको कार्यको थालनी गर्नु

पर्ने भन्ने नभई नागरिकको जग्गा सरकारले प्राप्त गरी मुआब्जा दिने प्रक्रिया र निर्माणको प्रकृया दुवै एकै साथ प्रारम्भ हुन सक्ने गरी कार्य गर्नु।

तपसिल

- निर्देशनात्मक आदेश कार्यान्वयन एवं जानकारीका लागि विपक्षी नं.८ बाहेक अन्य विपक्षीहरुका नाउँमा आदेश बमोजिम गर्नु भनी प्रस्तुत आदेशको प्रतिलिपि पठाईदिनु.........१
- उच्च सरकारी वकिल कार्यालय,बुटवल तथा मुख्य न्यायाधिवक्ताको कार्यालय,लुम्विनी प्रदेशमा आदेशको प्रमाणित प्रतिलिपी पठाईदिनु......................................................२
- सरोकारवालाले नक्कल माग गरे नियमानुसार दिनु..................................................३
- प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु....................................................४
- प्रस्तुत आदेशको प्रमाणीकरण भएको विवरण सूचनापाटीमा र अदालतको वेभसाइटमा प्रकाशन गर्नु ...........................................................................................५

अग्नीप्रसाद थपलिया
न्यायाधीश

उक्त आदेशमा सहमत छु ।

राजुराम सिलवाल
न्यायाधीश

<u>फैसला गर्न सहयोग पु¥याउनेः-</u>

इजलास अधिकृतः- दीपा पाण्डेय
कम्प्युटर टाईप गर्नेः सृजना लोहनी
इजलास नं. २
इति संवत् २०७७ साल मंसिर १७ गते रोज ४ शुभम्............................................

प्रमाणीकरण मिति २०७७।०९।                                        अदालतको छाप